**श्री सर्वोच्च अदालतमा चढाएको**

**निवेदन–पत्र**

**विषय:**उत्प्रेषण, परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ।

जिल्ला तनहुँव्यास नगरपालिका वडा . ११ घर भई हाल का.जि.का.म.न.पा.वडा न . ११, बबरमहल बस्ने बर्ष २४ की रुपा सुनार (मो नं० ९८६१८५०२०५१)१ — **निवेदक**

बिरुद्ध

१.कृष्ण गोपाल श्रेष्ठ, मन्त्री, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं१

२.जिल्ला सरकारी वकिलको कार्यालय, बबरमहल,काठमाडौ१

३.महानगरीय प्रहरी वृत्त, सिंहदरवार,अनामनगर, काठमाडौ१

४.मुकुन्द प्रधानको श्रीमती का.जि. का.म.न.पा.वडा न.११, पार्वती मार्ग,बबरमहल बस्ने अ. बर्ष ५८ की सरस्वती प्रधान(मो.न. ९८०३६८२९८३)१ — विपक्षी

मुद्दा:- उत्प्रेष्णसमेत

नेपालको संविधानको धारा १६ ,१७,१८,२४,२०(९), २१तथा धारा २८ समेतले प्रदत्त मौलिकहकहरुको चरमउल्लंघन गर्दै अभियुक्तलाई हिरासत मुक्त गर्ने तथा फौजदारी न्यायको सिद्धान्त विपरीत सरकारी साक्षीको रुपमा रहेको पीडितको उचित संरक्षण गर्नुको सट्टा झन् हतोत्साहित गर्ने उद्देश्यले गोपनीयताको हकको समेत बर्खिलाप हुने गरी गरेको विपक्षीहरुको कार्यका विरुद्धअन्य वैकल्पिक उपचारको बाटो नहुँदासंविधानको धारा १३३(२) र (३)बमोजिमको आदेश जारी गरी पाउन यो निवेदन लिई आएकी छु। अतः माग बमोजिम आदेश गरी न्याय दिलाई पाउँ। निवेदन बापत लाग्ने दस्तुर रु . ५००/- यसै साथ संलग्न छ।

**१.** म रिटनिवेदकदेशको संविधान तथा कानूनबमोजिम संरक्षणको आवश्यकता भएको दलित समुदायलाई प्रतिनिधित्व गर्दछु। हालम आफ्नीआमासंगकाठमाडौंमा कोठा भाडामा लिई बसेकी छु।म इमेज च्यानल टेलीभिजनमा उकाली ओराली नामक कार्यक्रममा कार्यक्रम प्रस्तोता (प्रोग्राम प्रेजेन्टर) को काम गर्दैउच्च शिक्षा अध्ययनरत छु।

२. हाल विश्वव्यापी कोभिड-१९ महामारीका कारण प्रायः अफिसयल काम बासस्थानबाटै भर्चुअल माध्यमबाट सम्पादन गर्दै आएको छु । अतः हाल हामी बसी आएको एकमात्र कोठाको स्पेश अपुग हुँदा कम्तीमा २ वटा कोठाको खोजिमा थिएँ । यो कुरा साथीभाइलाई समेत सुनाएकीमा मिति २०७८/३/१ मा एकजना साथीले बबरमहलमा २ वटा कोठा भाडामा रहेको जानकारी गराउँदा बबरमहलस्थित विपक्षी नं.४ को घर कोठा हेर्न दिनको २ :३० बजे गएँ।उहाँ पुगी कोठा हेर्दा चित्त बुझ्यो। भाडामा लिनेदिने कुरा छिनियो। त्यस्तै कोठाको भाडा दर , भाडामा बस्ने परिवार संख्या, अपनाउँदै आएको पेशा लगायत भाडामा रहँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरुको सम्बन्धमा सौहार्द्रपूर्ण रुपमा खुलस्त छलफल भईभाडामा लिनेदिने मौखिक सहमती भयो। कुराकानीकै क्रममा म आफू दलित समुदाय (कामी) थरकी रहेको जानकारी विपक्षी नं . ४ लाई गराउँदा तत्क्षणमै ला ! भनी अचम्म मान्दै मुखाकृतिमा एक्कासी परिवर्तन हुँदै घरमा छलफल गरी जानकारी गराउँला भनी मेरो सम्पर्क नम्बर माग्नु भयो। मैले साथीलाई जानकारी दिनु होला भन्दै हामी उक्त घरबाट बाहिरियौं ।

३. काठमाडौं जस्तो शिक्षित ठाउँ , देशको राजधानीमा जातका कारण कोठा दिने कुरालाई इन्कार गर्नु हुँदैन होलाभनी छलफल गरी बस्न आउनू भनी बोलाउनु हुन्छ होला भन्ने लागेको थियो।तर हामी त्यहाँबाट हिंडेको करिब एक घण्टा पछि विपक्षी नं.४ ले मसंगै कोठा देखाई सहयोग गर्न जानु भएकी साथीलाई फोन गरी ***'मलाई भन्न पनि अफ्ठ्यारो भयो, घरमा बुढी आमा हुनुहुन्छ , पूजाअजा गर्नुपर्छ, उनलाइ हुँदैन, बरू अरु मान्छे भयोभने पठाई देउ है'*** भनी जातकै कारण कोठा दिन नमिल्नेअसयसहित जानकारी दिनुभयो। सो कुराले मलाई अलि असहज भयो। यद्दपि त्यसो भनेको हो होइन आफै एकीन गर्न साथीसंग फोन नम्बर मागी विपक्षी नं.४ लाई फोन गरें। कुराकानीमा ***"बुढी आमा हुनुहुन्छ,घरमा पुजाआजाका कार्यक्रम पनि हुने भएकोले तपाईलाई कोठा भाडामा दिन सकिदैंन भन्नुभयो"*** त्यसपछि मैले ***"म कामी भएको कारणले कोठा दिन्न भन्नुभएको हो" भनी प्रश्न गर्दा उहाँले पनि 'हो' भन्दै "अर्को जातको कोही मान्छे भए पठाइदिनु"*** भनेर फोन राख्नुभयो।

४. यसरी बिपक्षी न.४ ले म माथि जातीय आधारमा भेदभाव र छुवाछूतजन्य व्यवहार गर्नु भएकोले उक्त दिनभरि मलाई मानसिक आघात परी म काममा समेत जान सकिनँ। अहिलेसम्म बिपक्षी न. ४ को कुराले मलाई मानसिक रुपमै पीडित बनाएको अवस्था छ ।देशको संविधान र कानूनको खिल्ली उडाउँदै बिपक्षीन. ४ बाट भएको उक्त कार्यबाट मेरोआत्मसम्मान तथा मर्यादामा निकै गहिरो चोट पुगेको छ।बिपक्षीले ममाथि जातीय भेदभाव तथा छुवाछुत जन्य कसुर विरुद्ध जातीय छुवाछूत तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ विपरीत कसूरजन्य कार्य गर्ने बिपक्षी न. ४ लाई कानूनको दायरामा ल्याई कारबाही गरिपाउन मागदावी राखी जाहेरी दरखास्त लेखी , प्रमाण खण्डमा विपक्षी नं.४ संग भएको टेलिफोन सम्वादको अडि योरेकर्ड समेत सीडीमा राखी विपक्षी नं . ३ को कार्यालयमा दर्ता गर्न भनी मिति २०७८ /३/३ मा गएँ। त्यहाँ पुग्दा यस्ता सामान्य र कसलाई घर भाडामा दिने तथा कसलाई भाडामा नदिने भनी छान्न पाउने अधिकार घर धनीको रहने कुराको दलिल गर्दै जाहेरी दर्ता नहुने भन्ने व्यवहार सोका प्रहरी कर्मचारीले गर्दा झन् हतोत्साही भएँ।

यद्यपिकानूनको परिपालनाको जिम्मेवारी समेत भएकी सचेत नागिरकको हैंसियतमा कानूनको सहारा लिनुको विकल्प छैन भन्ने अठोट गरी तत्काल चिनजानका साथीभाइहरु बोलाई प्रहरीसंग छलफल गर्दासो दिन जाहेरी दरखास्तदर्ता गर्नसम्मसफल भइयो । जाहेरी दर्ता भएता पनि दलित समुदायको व्यक्ति भएकै कारण कोठा भाडामा नपाएको अमानवीयताका विरुद्ध कानूनी उपचार प्राप्त गर्ने प्रस्थान बिन्दु जाहेरी दर्ता गराउँदा नै म मानसिक रुपमा निकै थकित भइसकेकी थिएँ । तापनि न्यायको ढोका भने खुलेको महसुस भएको थियो । यसै क्रममा मिति २०७८ /३/६ मा विपक्षी नं.४ लाई पक्राउ गरी काठमाण्डौ जिल्लाअदालतबाट तीनदिनकोम्याद थप गरी प्रहरीले अनुसन्धान थालेको थियो ।

५. मिति २०७८/३/९ गते दिउँसोतिर विपक्षी नं४ लाई विपक्षी नं. २ ले तत्काल हिरासतमै राखी मुद्दाको अनुसन्धानगर्नजरुरी नभएकोभन्ने आशय लेअभियुक्तलाईहाजिरीजमानी वा धरौटी मा छोड्ने निर्णय गरी बिपक्षी न.३ लाई निर्देशन दिई बिपक्षी न. ४ लाई छोडिएको भन्ने बिभिन्न समाचारहरु,छापा अनलाईन तथा भीडियोहरुमा तस्वीर र भीडियो सहित प्रकाशित भएपछि मिडिया मार्फत उक्त कुराको जानकारी पछीबिपक्षी न. ४ को उक्त गैर कानूनी तथा असंबैधानिक कार्य ले म माथि बिपक्षीले घोर अन्याय गरेको स्पष्ट छ। यो बीचमा सामाजिक सञ्जाल लगायतमा म विरुद्ध भएको लाञ्छना, अपमान, हिंसा तथा मेरोचरित्र हत्याले मलाई मानसिक रुपमा झन् धेरै कष्ट पुर्याएको छ ।

६. जातीय भेदभाव तथा छुवाछुत जन्य कार्यलाई निर्यंत्रण तथा निर्मुल पार्ने दायित्व भएको नेपाल सरकारको वहालवालाशिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्ण गोपालश्रेष्ठले मन्त्रालयकोझण्डावाला गाडी लिएर प्रहरी परिसर मा गई अनुसन्धानमा हस्ताक्षेप गरी अनुसन्धान लाई प्रभावित गरी एउटा मानवता विरुद्धको संगिन अभियोगमा अदालतबाटम्याद थप भई अनुसन्धान कोक्रममा रहेको अभियुक्त बिपक्षी न. ४ लाई सरकारी गाडीमा बसालीउनको घर मैलगेकोकार्यलेबिपक्षी न. १ ले जातीय भेदभाव तथा छुवाछुत गर्ने कार्य को मद्दत गरेको रअनुसन्धान तह किकातमा बाधा पुरयाएकोस्पष्ट छ। नेपाल सरकारको बहालवा ला शिक्षा , विज्ञान तथा प्रविधि मन्त्री कृष्ण गोपाल श्रेष्ठलेगरेको उक्तपदीयमर्यादा बिपरित गैरकानूनी कार्य बिरुद्ध जातीय छुवाछूत तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ को उपदफा २, दफा ४ को उपदफा २, ५, ९, १०,१२, दफा८कोकानूनीव्यवस्थाविपरितभएकोलेनिजबिपक्षीन.१उपरपनिजाहेरी दरखास्तलिइगएकोमाविपक्षीनं.३लेजाहेरीलिइदर्तागर्नइन्कार गरेकोछ।त्यसपछीमरिटनिवेदकलेउक्तजाहेरीलिएर बिपक्षी न.२जिल्लासरकारीवकिलकार्यालयमाजाहेरीलिएरजाँदाउसलेपनिजाहेरीदर्ताइन्कारगरेपछी मिति २०७८/०३/१७ गतेहुलाकमार्फतपठाएकोहुँ।हुलाकबाटपठाउँदापनिकुनैपनिकिसिमकोकारवाहीनगरेकोअवस्थाछ।

७. नेपालको संबिधानको भाग ३ को मौलिक हककोधारा *२१ अपराध पीडित हक अन्तर्गतउपधारा(१) अपराध पीडित लाईआफू पीडित भएको मुद्दा को अनुसन्धान तथाकारवाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ भन्ने व्यवस्था छ । त्यसै गरी उपधारा (२) अपराध पीडित लाई कानून बमोजिम सामाजिकपुनः स्थापना र क्षतिपूर्ति सहित को न्याय पाउने हक हुनेछ* भन्ने संबैधानिक व्यवस्था छर मुलुकी अपराध संहिता २०७४ के दफा ३२ बमोजिमपीडितले आफ्नो मुद्दा को कारवाही को जानकारी पाउने अधिकार भए कोले आधिकारीक के निर्णय भएको हो सोको जानकारी कसैबाट

पाउन नसकी अन्यौलताको अवस्था कायम रहँदा मिति २०७८ /३/१० गते विपक्षी नं . २ को कार्यालयमा पुगी के कसो भएको हो निर्णयको नक्कल ( लिखित जानकारी ) दिनु हुन भनी निवेदन गर्दा समेत कुनै जानकारी दिइएन। त्यसको भोलिपल्ट ११ गते पुनः केही कानून व्यसवायीहरुसमेत भई जानकारी माग गर्न विपक्षी नं .२ को कार्यालयमा पुग्दा प्रस्तुत मुद्दाका सम्बन्धित सरकारी वकीलले आफूसंग मुद्दाको मिसिल नरही विपक्षी नं .३कै कार्यालयमा रहेकोले उतै गई जानकारी लिनु भनी जानकारी गराएका र सोही बमोजिमको पत्राचार समेत गरिदिने बताउनु भयो। सो दिन ढिला भएका कारण विपक्षी नं.३ को कार्यालय पुगी कुनै पनि जानकारी लिन सकिएन।

८. भोलीपल्ट शनिवारको दिन विदा परेकोले १३ गते विपक्षी नं .३ को कार्यालयमा पुगी निर्णयको जानकारी माग गर्दा र र प्रकरण नं.५ मा भनेब मोजिमको जाहेरी पनि लिन इन्कार गरीविपक्षी नं .२ बाट **तपाइको मोबाइल नियन्त्रणमा लिइ परीक्षण गर्नु भन्ने निर्देशन** भइआएको छ।मोबाइल दिनुस्, त्यसपछि मात्र निर्णय को मौखिक जानकारी दिने भनी प्रहरी कार्यालयबाट जवाफ दिईयो। यसरी मेरोव्यक्तिगत र गोपनीय डकुमेन्टहरु समेत रहेकोमोबाइलदिए भने मात्रै निर्णय कोमौखिक जानकारी दिइने, लिखितदिनै मिल्दैन भने र बिपक्षी न .३ले भने पछी मोबाइल दिने शर्त मा मात्रै निर्णयको जानकारी दिने भने पछी मेरो व्यक्तिगत र गोप्य डकुमेन्ट हरु समेत मोबाइलमा रहेको ले मोबाइल दिन मिल्दैन सर, मैले पेश गरेको अडियो बमोजिम कारवाही बढाउ न अनुरोध गर्दा पनि अनुसन्धान अधिकृत मान्नु भएन र कुनै पनि किसिम को जानकारी दिनु भए न। अनुसन्धान अधिकृतले जाहेरवालाकोमोबाइल नियन्त्रणमा लिई परीक्षण गर्ने कार्यसंविधानको धारा २८ कोविपरीत छ। यसरी मोबाइल नियन्त्रणमा लिने आदेशजातीय विभेदको घटनामा जाहेरी गरेको विषयलाई लिएर राज्य संयन्त्र सकारात्मक रही कानूनको परिपालना गराउन सकृय रहनु पर्नेमा झन् उल्टो नकारात्मक भई मानसिक तनाव दिदै आएको अवस्था छ। मैले ऐन मौकामा जाहेरीसाथ पेश गरेको प्रमाण अडीयो रेकर्डले विपक्षी नं.४ र मबीचकोसम्वाद भएको प्रमाणित गरिरहेको अवस्थामा अनावश्यक रुपमा मे रो व्यक्तिगत र गोपनीय रूपमा प्रयोग हुने जाहेरवालाकै मोबाइलनियन्त्रणमा लिने गरी मोबाइलमाग गरी अनुसन्धान गर्ने प्रक्रियाले जातीय भेदभाव तथा छुवाछूतको घटनामा पीडितलाई जाहेरी दर्ता गर्न जानै हतोत्साहित गर्ने गरी त्रास फैलाउने उद्देश्य राखिएको छ।

९. उक्त निर्देशनलेगोपनीयताको हक तथा फौजदारी न्यायको सिद्धान्तसमेतको बर्खिलाप रहेको प्रष्ट छ। एकातिर कानून कार्यान्वयनको जिम्मा पाएका अधिकारीले अनधिकृत तवरबाटअपराध अनुसन्धानमा दख्खल पुर्याउने र अर्कोतिर अनुसन्धान अधिकृतले म जाहेरवालालाइ नै हत्तोसाहित गर्दै म पीडितकोकतिपय निजी र मेरो आचरण संग सम्बन्धित अतिगोप्य कुरा हरुसमेत खोतल्ने गरी मेरो मोबाइल नियन्त्रणमा लिन खोज्ने कुराले मेरो व्यक्तिगत मामलामासमेत धक्का पुरयाउने, मेरो चरित्र हत्या गर्ने उद्देश्यराखेकोप्रष्ट छ। जुन काम संविधान , प्रचलित फौजदारी कानून र यसका मान्य सिद्धान्त एवं राष्ट्रिय अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको समेत वर्खिलाप छ।

१०. नेपालको संविधान को धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक , धारा १७ ले वैयक्तिक स्वत्रताको हक, धारा १८ ले कानूनको समान संरक्षणबाट वञ्चित नगरी समान दृष्टिमा व्यवहार हुने , धारा २० (९) ले स्वतन्त्र , निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने, धारा २१ ले पीडितलाई आफूसंग सम्बन्धित मुद्दाको कारबाहीको जानकारी पाउँदै उनिहरुको

संरक्षण, सामाजिकपुनर्स्थापना तथा उचित क्षतिपूर्ति पाउने हक , धारा २४ ले छुवाछूत तथा भेदभाव विरुद्धको हक हुने तथा धारा २८ ले गोपनीयताको हकको प्रत्याभूति गरेको छ। राज्यले उपरोक्त हक प्रचलनका लागि जातीय छुवाछूत तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन२०६८ जस्तोकानूनी प्रबन्ध समेत गरिसकेको छ। साथै Universal Declaration of Human Rights, 1948 (UDHR)लगायत International Covenant on Civil and Political Rights, 1996 (ICCPR), International Covenant on Economic, Social and Cultural Rights, 1966(ICESCR), International Convention on the Elimination of All Forms of Racial Discrimination, 1965 (ICERD)तथाConvention on the Elimination of All Forms of Discrimination(CEDAW) Against Women, 1979का सबै अन्तराष्ट्रिय मानव अधिकार कानूनहरुमा नेपाल पक्ष राष्ट्र छ। सन्धी ऐन २०४७ को दफा ९बमोजिम देशको कानून सरह लागु हुन्छ।जसको इमान्दारीताको साथ पालना गरी नागरिकहरुको मानव अधिकारको स्थितिमा सुधार ल्याउनु राज्यको दायित्व समेत हुन आउँछ। उपरोक्त संवैधानिक तथा अन्तराष्ट्रिय मानव अधिकार कानूनप्रतिको दायित्व पूरा गर्न बनेका कानूनहरुको अक्षरसः कार्यान्वयन गर्दै नागरिकहरुको रक्षा गर्नु सरकार र यसका निकायहरुको महत्वपूर्ण जिम्मेवारी हो। तर संविधान तथा अन्तर्राष्ट्रिय कानूनलाई कार्यान्वयन गर्न बनेका कानून बमोजिम जातीय भेदभाव तथा छुवाछूतको *अत्यन्तै गम्भीर एवं मानवता विरुद्धको कसूरमा अदालतबाटम्याद थप भई अनुसन्धानमा रहेको आरोपितलाई* कानून भन्दा बाहिर गई नेपालसरकारको बहालवाला मन्त्री सरकारी वकील तथा प्रहरी कार्यालयमा स्वयं उपस्थित भई पदीय मर्यादाको समेत पालना नगरी आफ्नो ओहदा रसरकारी पद तथा स्रोतको चरम दुरुपयोग गरी अनुसन्धानमा बाधा व्यवधान गरी झण्डावाला गाडीमा आरोपितलाईराखी घरतर्फ लगेको कार्यले सोही जातीय छुवाछूत तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ को उपदपफा २ दफा ४ को उपदफा २, ५, ९, १०,१२, दफा ८ को कानूनी व्यवस्था तथा कानूनी शासनको पनि उपहास गरेको अवस्थाछ। जुन कार्य तत्काल नसच्याउने हो भने भविष्यमा यस्ता स्वेच्छाचारी गतिविधिले झन् प्रश्रय पाई नागरिकहरुमा न्यायको पहुँच झन् खस्कँदै नागरिकहरुमाथी खुलेआम अपराध हुने र अपराधीले सजिलै उन्मुक्ति पाउने अवस्था हुन्छ ।

११. अतःमाथिकाप्रकरणहरुमाउल्लेखिततथ्य, संवैधानिक एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाजातीय भेद भावतथा छुवाछुत कसुरको कसुर दारलाई कानून बमोजिम कारवाही तथा मेरो मौलिक हकको संरक्षणको लागिनिम्नानुसारको आदेश जारी गरी पाउँ।

क) संविधान तथा कानूनले बर्जित गरेको जातीय भेदभाव तथा छुवाछूत जस्तो गम्भीर मुद्दाको अपराध अनुसन्धानलाई प्रभावित गरी अदालत बाट म्याद थप भई अनुसन्धान मारहेका बिपक्षी न. ४कोअभियुक्तलाई पदीय ओहदा र सरकारी पद तथा स्रोत समेतको दुरुपयोग गरी प्रहरी कार्यालयमै पुगी अनुसन्धानमा बाधा व्यवधान उत्पन्न गरी संवैधानिकअनाधिकृत कार्य गर्ने विपक्षी नं.१ का शिक्षा , विज्ञान तथा प्रविधिमन्त्रीलाई उक्त पदबाट तत्काल हटाइ निज माथि जातीय छुवाछूत तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ को उपदफा २ दफा ४ को उपदफा २, ५, ९, १०,१२, दफा ८ बमोजिम निज विरूद्ध बिपक्षी न. २ र ३ को कार्यालय मादिएको जाहेरी तत्काल दर्ता गरी कानून बमोजिम अनुसन्धान गर्न गराउन

रअनुसधानको प्रगती प्रतिबेदन् प्रत्येक हप्तामा सम्मानित सर्बोच्च अदालत मा पेश गर्न समेतकोनिर्देशन गरी पाउन परमादेशको आदेश जारी गरी पाउँ।

ख) जिल्ला सरकारी वकिल कार्यालय ले यस मुद्दा मागरेकोआदेश तथा निर्देशन लाईउत्प्रेषणको आदेशले बदर गरी प्रस्तुत मुद्दामा अभियुक्तलाइ के कुन आधारमाछोडिएको हो, संविधान तथा कानूनबमेजिम म रिट निवेदक लेसोको जानकारी माग्न जाँदा बिपक्षीन. २ र ३ ले नदिए को हुँदा मुद्दामा के कस्तो प्रगति भएकोछ, सोको प्रगतिसहित अभियुक्तलाइ छाड्ने गरे कोनिर्णयको लिखित जानकारी समेतगराईपाउँ।

ग) प्रस्तुत मुद्दा मानवता विरुद्धको तथा मानव अधिकार विरुद्धको आपराधिक कार्य भएको हुँदा जातीय छुवाछूत तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय ) ऐन, २०६८ को दफा ६ मा उल्लेखित प्रतिनिधिहरु सहितको अनुसन्धानमा सहयोग लिई अभियोग पेश गर्नु भनिपरमादेशको आदेश जारी गरी पाउँ।

घ) मरिटनिवेदकले बिपक्षीसंग मेरो बीच भएको टेलीफोन वार्ताको अडियो विपक्षी नं .२ को कार्यालयमा जाहेरीसंगै पेश गरेकोहुँदाहुदै पनि बिपक्षीन. २ ले पुनः म पीडित जाहेरवालीको मोबाइल नियन्त्रणमा लिईअनुसन्धान गर्नु भन्ने निर्देशन यदि गरेकै हो भने बिपक्षीन.२ले गरेको निर्देशनबाट मेरो गोपनियता को हक माथि गम्भीर आघात पुग्ने भएकोले मेरोमोबाइल नियन्त्रणमा लिन गरेको निर्देशन तत्काल कार्यन्वयननगराउनअन्तरिम आदेश जारी गरी पाउँ।

ङ) मुद्दाको प्रमाण हरु नष्ट गर्न सक्ने र प्रतिवादी ले उच्च पदस्थ व्यक्तिहरु मार्फत मुद्दाको अनुसन्धान तथा तहकिकात माबाधाउत्पन्न गर्ने कार्य गरेको र आगामी दिन हरुमा पनि अनुसन्धानलाई प्रभावित गर्नसक्नेअवस्था भएको ले तत्काल प्रतिवादीलाई पक्राउ गरी गरी रितपुर्बकगम्भिररुपलेअनुसन्धान गरी जे जे बुझ्नु पर्छ बुझी अनुसन्धान कार्यलाईअगाडी बढाउन र अनुसधानको प्रत्येक हप्ताको प्रगती प्रतिबेदन यस अदालतमा पेश गर्न गराउन।

**१२.** माथी खण्ड (घ) र (ङ) मा माग गरे को आदेश तत्काल अन्तरीम आदेश मार्फत समेत प्रबिम्वित नहुने हो भने प्रस्तुत निवेदनको औचित्य समाप्त भई प्रभावहीन हुने हुँदा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ।

**१३.** निबेदनमाउठाइएकाविषयवस्तु मौलिक हक, कानूनकोशासन जस्ताअतिआवश्यकविषयसंगसम्बन्धितभएकोलेसर्वोच्चअदालतनियमावली,२०७४कोनियम७३अनुसारयोरिटनिवेदनलाईअग्राधिकारप्रदानगरीसुनवाईगरीपाँऊ।

**१४.** यसविषयमासमानान्तरक्षेत्राधिकारग्रहणगर्नेअन्यकुनैअडडा अदालतमाउजुरतथानिवेदनगरेको छैन।

**१५.** हाल कानुनव्यवसायी मुकरर गरेका छैनौ,पछिनियुक्तहुनुहुनेकानुनव्यवसायीहरु समेतले बहसको क्रममा राख्नु हुने जिकीरलाई समेतयसैनिवेदनपत्रकोअभिन्नअंगकोरुपमाग्रहणगरीपाऔं।

**१६.** संलग्न कागज प्रमाण:-

क. जाहेरी दरखास्तके प्रतिलिपी

ख. अभियुक्तलाइ छाड्ने निर्णयको प्रतिलिपी माग गर्न दिएको निवेदनको प्रतिलिपी

ग. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

घ. घरधनीसंग भएके संवादको सिडी

ङ. बहालवाला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगेपाल श्रेष्ठ विरूद्ध दि एको जाहेरी को प्रतिलिपी ।

**१७.** यसमालेखिएकोव्यहोराठीकसाँचोहो।झूठाठहरेकानुनबमोजिमसहुँलाबुझाउँला।

निवेदक

निजरुपा सुनार ............१

ईतिसंवत२०७८सालअसारगते१४रोज२ शुभम्................................................................